*International Geographical Union--Union Géographique Internationale*
Secretariat: Department of Geography, University of Istanbul,
İ.Ü.Edebiyat Fakültesi Coğrafya Bölümü, Ordu Cd. No:6 Laleli – İstanbul, Türkiye
Vox: + 90 212 455 5700 /15756; Mobile:+ 90 532 4474509
E-Mail: barbaros@istanbul.edu.tr
*URL:* http://www.igu-online.org

# नेपालका जनताप्रति ऐक्यबद्धताको वक्तव्य

अन्तर्राष्ट्रिय भौगोलिक संघ (International Geographical Union—IGU) ले हाल नेपालमा भइरहेको विनाशकारी बाढीका कारण उत्पन्न यस दुःखद् परिस्थितिप्रति हामी सम्पूर्ण नेपाली जनताप्रति गहिरो सहानुभूति र ऐक्यबद्धता व्यक्त गर्दछौँ। आफ्ना परिवारका सदस्य, आफन्त, साथीभाइ, घर तथा जीविकोपार्जनका साधन गुमाउनुभएका सबैप्रति हामी हार्दिक समवेदना प्रकट गर्दछौँ। विस्थापन, अनिश्चितता र थप विनाशको जोखिम सामना गरिरहेका समुदायहरूप्रति पनि हाम्रो गहिरो चिन्ता र सहानुभूति रहेको छ।

विशेष गरी नेपालका हाम्रा सहकर्मीहरू, नेपाल भौगोलिक समाजका सदस्यहरू तथा सम्पूर्ण भौगोलिक समुदायप्रति हामी गहिरो चिन्ता व्यक्त गर्दछौँ। यस विपत्तिबाट उहाँहरूमध्ये धेरैजना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुनुभएको हुन सक्छ। अन्तर्राष्ट्रिय भौगोलिक संघ (IGU) उहाँहरू, उहाँहरूका विद्यार्थी, शैक्षिक संस्थाहरू तथा उद्धार, राहत, पुनःस्थापना र दीर्घकालीन पुनर्निर्माणमा संलग्न सबैको साथमा दृढतापूर्वक उभिएको छ।

यस विपत्तिले चरम वातावरणीय घटनाबाट उत्पन्न हुने बढ्दो जोखिमको अर्को गम्भीर स्मरण गराएको छ। जलवायु परिवर्तनको वर्तमान सन्दर्भमा यस्ता घटनाहरूको तीव्रता, आवृत्ति र पूर्वानुमानसम्बन्धी चुनौतीहरू थप गम्भीर बन्दै गएका छन्। बस्तीको स्वरूप, कमजोर पूर्वाधार, सामाजिक–आर्थिक असमानता र जोखिमप्रवणताले यस्ता प्राकृतिक घटनाका प्रभावलाई अझ गम्भीर बनाउने गर्छन्। विशेषतः हिमालयजस्ता पर्वतीय क्षेत्रहरू हिमनदी, अस्थिर भिरालो भूभाग, अत्यधिक वर्षा तथा तीव्र गतिमा परिवर्तन भइरहेका नदी प्रणालीसँग सम्बन्धित बहुआयामिक जोखिमको उच्च चपेटामा छन्।

यस्ता घटनाहरूलाई बुझ्न र समाजलाई तिनको सामना गर्न सक्षम बनाउन भूगोलविद्हरूको महत्वपूर्ण भूमिका रहन्छ। जलवायु, भू–आकृति विज्ञान, जलविज्ञान, विपद् जोखिम, भू–उपयोग योजना, जनसंख्या, जोखिमप्रवणता तथा शासनसम्बन्धी अध्ययनमार्फत भूगोलले विपद्का पछाडि रहेका भौतिक प्रक्रियाका साथै तिनका प्रभाव विभिन्न समुदायमा असमान रूपमा कसरी अनुभव गरिन्छन् भन्ने कुरा स्पष्ट पार्न योगदान पुर्‍याउँछ। प्रभावकारी पूर्वसूचना प्रणाली, समुदायको उत्थानशीलता, सुरक्षित पुनर्निर्माण तथा परिवर्तनशील जलवायुमा अनुकूलनका लागि भौगोलिक ज्ञान अत्यन्त महत्वपूर्ण छ।

अन्तर्राष्ट्रिय भौगोलिक संघले विपद् जोखिम न्यूनीकरण तथा सुरक्षित, दिगो र उत्थानशील समुदाय निर्माणका लागि भौगोलिक अनुसन्धान, शिक्षा र अन्तर्राष्ट्रिय सहकार्यलाई निरन्तर समर्थन गर्ने आफ्नो प्रतिबद्धता पुनः पुष्टि गर्दछ।

यस कठिन र पीडादायी घडीमा हामी नेपालका हाम्रा सहकर्मीहरू, उहाँहरूका परिवार तथा सम्पूर्ण नेपाली जनताप्रति आफ्नो गहिरो सहानुभूति, मित्रता र ऐक्यबद्धता व्यक्त गर्दछौँ। विपत्तिबाट प्रभावित सबैको शीघ्र उद्धार, राहत, पुनःस्थापना तथा सुरक्षित पुनर्निर्माणका लागि आवश्यक प्रयास सफल होऊन् भन्ने हाम्रो हार्दिक कामना छ।

**International Geographical Union (IGU)**

***International Geographical Union Executive Committee, 2026-28***

Nathalie Lemarchand, France *President*
Holly Barcus, USA, *First Vice-President*
Phil McManus, Australia, Vice *President & Treasurer*
Anindita Datta, India, *Vice-President*
Bernardo Mançano Fernandes, Brasil, *Vice-President*
Takashi Yamazaki, Japan, *Vice-President*
Michael E Meadows, South Africa, *Past President*
Barbaros Gönençgil, Türkiye, *Secretary- General*
Maria Paradiso, Italy, *Vice-President*
Marek Wieckowski, Poland, *Vice-President*
Monica Dumitraşcu, Romania, *Vice-President*
Pankaj Kumar, India, *Asst. Secretary-General*